स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही साउन १८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रियाल रिङ्गेट'को ट्रेलर सार्वजनिक गरिएको छ। साढे ३ मिनेटभन्दा लामो ट्रेलरमा रोजगारीको समस्याले खाडी मुलुक जानुपर्ने नेपाली युवाहरुको बाध्यता र विदेशमा उनीहरूले भोग्नुपरेको चरम यातनालाई मर्मस्पर्शी ढंगबाट देखाइएको छ। ट्रेलरले सहकारी ठगीको कथामा पनि फिल्म आधारित रहेको खुलासा गर्छ।

**आजको विचार...**



विश्व...
(दुई पेजमा)

प्राडा शान्तिकृष्ण अधिकारी

गायिका एलिना चौहानले चोटग्रस्त अनुहारसहितको तस्वीर सामाजिक संजालमा सार्वजनिक गरेकी छन्। पूर्वपति विष्णु सापकोटाले सामाजिक संजालमार्फत विज्ञप्ति जारी गरेको केही घण्टाभित्रै एलिनाले अनुहारमा चोटपटक लागेको तस्वीर सार्वजनिक गर्दै कानुनी, सामाजिक र नैतिक बाटो अपनाउने चेतावनी दिएकी छन्। मिति हेर्दा उक्त फोटो ९ जुन, २०२४ को भएको देखिन्छ। 'म हरेक कानुनी, सामाजिक र नैतिक बाटो अपनाएर न्यायको लागि अघि बढ्नेछु। किनकी म एक्लोभएपनि, सत्य मेरो साथमा छ'।



❒ वर्ष ३१ ❒ अंक ४ ❒ २०८२ साउन ४ गते आइतबार 20 July 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### ड्रोन आक्रमण एकको मृत्यु

(रासस/एएफपी)

**किभ,** साउन ३/युक्रेनको ओडेसामा युक्रेनको ओडेसा शहरमा शुक्रबार राति भएको रूसी ड्रोन आक्रमणमा एक जनाको ज्यान गएको र अन्य केही घाइते भएको युक्रेनी अधिकारीहरूले जनाएका छन् । ओडेसाका मेयर गेन्नाडी ट्रुखानोभका अनुसार, २० भन्दा बढी ड्रोन विभिन्न दिशाबाट शहरमा प्रवेश गरेका थिए, जसका कारण केही नागरिक संरचनामा क्षति पुगेको र एउटा आवासीय भवनमा आगलागीसमेत भएको बताइएको छ । स्थानीय आपतकालीन सेवाले उद्धारकार्यको क्रममा पाँच जनालाई जलेको भवनबाट सुरक्षित निकालिएको भए पनि तीमध्ये एक महिलाको निधन भएको पुष्टि गरिएको छ । ऐतिहासिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण ओडेसा शहर हाल युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत रहेको र पछिल्ला समयमा बारम्बार आक्रमणको शिकार हुँदै आएको उल्लेखनीय छ । उता, रूसी रक्षा मन्त्रालयले आफ्नो वयानमा शुक्रबार साँझको पाँच घण्टाको अवधिमा ८७ युक्रेनी ड्रोन ध्वस्त पारिएको जानकारी दिएको छ, जसमा ब्रियान्स्क र मस्को क्षेत्रहरू पनि समावेश छन् । पछिल्ला केही हप्तामा युक्रेनभर रूसी आक्रमणहरू पुन: तीव्र हुँदै गएका छन्, जसका कारण सर्वसाधारण जनतामा चिन्ता बढिरहेको देखिन्छ ।

# होटल श्रीनगर ५० औं वर्षमा

## पर्यटकका लागि थप्यो स्विमिङ पुलसहित नयाँ सुविधा

कृष्ण पोखरेल

**पाल्पा,** साउन ३/पर्यटकीय नगर तानसेनमा २०३२ सालमा थ्रि स्टार होटलका रुपमा सञ्चालनमा आएको होटल श्रीनगर प्रालिले ५० औं वार्षिकोत्सव मनाएको छ । होटलले शनिबार विशेष कार्यक्रम गरी स्थापनाको पचासौं वार्षिकोत्सव मनाएको हो ।


उसले विशिष्ट पाहुनालाई उत्कृष्ट सेवा दिँदै आएको छ । आन्तरिक तथा बाह्य पाहुनाको मुख्य रोजाइमा होटल श्रीनगर पर्छ । वार्षिकोत्सवको अवसरमा होटलले पर्यटकको लागि नयाँ सेवा सुविधा समेत सञ्चालनमा ल्याएको छ । पाल्पाको होटल तथा पर्यटन क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको होटलले अहिले स्विमिङ पुल, ज्याकुजी तथा स्पा सहित नयाँ सेवा सुविधाहरू सञ्चालनमा ल्याएको हो ।

सेवाहरुको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले शुभारम्भ गरेका छन् । नगर प्रमुख श्रेष्ठले होटल श्रीनगरले पालपाको पर्यटन प्रवर्द्धनमा पुऱ्याएको योगदानको बारेमा चर्चा गरे । पाल्पाको विकास, पर्यटन र कृषि उत्पादनबाट मात्र सम्भव रहेकाले तानसेन नगरपालिकाले दुबै क्षेत्रलाई माथि उठाउने गरी आवश्यक योजनासहित बजेट निर्माण गरी कार्यान्वयन गर्दै आएको नगर प्रमुख श्रेष्ठले बताए । पाल्पाको पर्यटन क्षेत्र माथि उठाउन तानसेनन नगरपालिकाले तानसेन पर्यटन बोर्ड नै गठन गरेर काम गर्दै आएको उनको भनाई छ । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, सिद्धार्थ होटल संघ भैरहवाका अध्यक्ष सिपि श्रेष्ठ, होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले होटलहरुको विकास र विस्तार भए मात्र पर्यटन क्षेत्रको विकास हुने भएकाले होटलहरुको विकासमा तीनै तहका सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । उनीहरुले पाल्पाको विकास नै पर्यटन प्रवर्द्धन भएकाले पाल्पाका पर्यटन व्यबसायीहरुले स्थानीय सरकारदेखी केन्द्र सरकारसम्मको सहयोग खोजिरहेको उल्लेख गरे । कार्यक्रममा पाल्पाको पर्यटन विकासमा होटलका संस्थापक स्वर्गीय जयप्रकाश भुसालले खेलेको योगदानको बारेमा समेत चर्चा गरिएको थियो । होटलका प्रबन्ध निर्देशक जयन्त भुसालले राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका सेवा सुविधासहित पर्यटकहरुको स्वागतमा सम्पूर्ण टिमहरु लागि परेको बताए । ८ वटा रुमबाट शुरु भएको होटलमा अहिले ४० भन्दा बढी रुमहरु रहेका छन् भने दैनिक एक सय भन्दा बढी पर्यटकको क्षमता रहेको उनले उल्लेख गरे । आगामी दिनमा होटललाई फोरस्टारमा रुपान्तरण गर्ने गरी आवश्यक तयारी, पुर्वाधारका कामहरु भइरहेको भुसालको भनाई छ । सुरुका दिनमा सञ्चालन गर्न कठिन भए पनि अहोरात्र मेहनत र चुस्त व्यवस्थापनले गर्दा आज राष्ट्रिय ,अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाउन सफलता मिलेको उनले बताए । होटल क्षेत्रको विकास र योगदान चर्चा गर्दै उनले भने "होटल र पर्यटन क्षेत्रका लागि यो सकारात्मक विषय हो, सरकारले पनि होटल पूर्वाधार निर्माणमा जोड दिनुपर्छ ।" उनले असल व्यवस्थापन, बजारीकरण र पूर्वाधार भए होटल सफलतापूर्वक सञ्चालन गर्न सकिने अनुभव सुनाए । होटलकी संस्थापक सावित्रा भुसालले श्रीमानको सपना साकार पार्न सेवाको गुणस्तर, परिकारको स्वस्च्छता, पर्यटकको सुरक्षा र पारिवारिक वातावरणलाई प्राथमिकतामा राखेर सेवा सञ्चालन गर्दै आएको बताईन् । उनले पर्यटनको प्रचुर सम्भावना भएकाले त्यसतर्फ लाग्न युवाहरुलाई आग्रह समेत गरिन् । यहाँ स्विमिङ पुल सञ्चालनको लागि तानसेन खानीपानी उपभोक्ता समितिले छुट्टै धारा उपलब्ध गराएको छ । उसले अन्य होटल व्यबसायीहरुले पनि माग गरेमा स्विमिङ पुलको धारा उपलब्ध गराउने जनाएको छ । तानसेनमा एक दर्जन स्तरीय होटलहरु सञ्चालनमा रहेका छन् । होटलकी संस्थापक सावित्रा भुसालकोको अध्यक्षता, जेसी कला दाहालको सञ्चालनमा कार्यक्रम भएको थियो ।





## रामपुरमा नौ हजार कफीका बिरुवा बिक्री



**रामपुर (पाल्पा),** साउन ३/यहाँको रामपुर नगरपालिका-५ स्थित भम्बकका प्रेमबहादुर सिं ठकुरीले एकै सिजनमा नौ हजार कफीका बिरुवा उत्पादन गरी बिक्री गरेका छन् । उनले गतवर्ष करिब छ हजार बराबरको बिरुवा बिक्री गरेका थिए । यो क्षेत्रमा फागुनदेखि असारसम्म कफीका बिरुवा रोप्ने गरिन्छ ।

ठकुरीले विगत तीन वर्षदेखि अरबिका जातको बिरुवा उत्पादन गरिरहेका छन् । प्रति बिरुवा रु ४० का दरले फार्मबाटै धमाधम बिक्री भइरहेको उनले बताए । नर्सरीमा दुई हजार ५०० बिरुवा बिक्री गर्न बाँकी रहेको उनले जानकारी दिए । यहाँ उत्पादन भएका बिरुवा पाल्पा, स्याङ्जा, पर्वतलगायतका जिल्लामा खपत हुने गरेको छ । बिरुवा राखेको १४ महिनामा लगाउन योग्य हुने गर्छ । ठकुरीले आफ्नै घरमा अर्गानिक चिया तथा कफी उद्योग समेत सञ्चालन गर्दै आएका छन् । *-रासस*

## धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रचार गर्न 'कोरा साइक्लिङ च्यालेञ्ज'

**तानसेन (पाल्पा),** साउन ३/जिल्लामा रहेका धार्मिक एवं पर्यटकीय क्षेत्रको प्रचार-प्रसार गर्ने उद्देश्यले शनिबार कोरा साइक्लिङ च्यालेञ्ज भएको छ । पाल्पा साइक्लिङ संघको आयोजनामा 'दोस्रो कोरा पाल्पा साइकलिङ च्यालेञ्ज-२०२५' भएको हो ।

शनिबार ५५ किलोमिटर लामो यात्रा साइकलबाटै तय गरिएको थियो । तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले साइकल चलाएर च्यालेञ्जको शुभारम्भ गरेका थिए । 'कोरा साइकलिङ च्यालेञ्ज'ले नेपाललाई विश्वमा चिनाउन मद्दत गर्नुका साथै पर्यटकीय विकासमा ठूलो टेवा पुऱ्याउँदै आएको नगर प्रमुख श्रेष्ठले बताए । सफलतापूर्वक सञ्चालन हुँदै आएको यस च्यालेञ्जले साइकल यात्रीलाई प्रोत्साहन गर्नुको साथै यहाँको प्राकृतिक सौन्दर्यतालाई नियाल्दै ग्रामीण पर्यटकीय प्रवर्द्धनमा टेवा पुऱ्याएको उनले चर्चा गरे । विहान ८ बजेदेखि टुँडिखेलबाट निस्केको साइकल ऱ्याली दरबार परिसरमा गई यात्रा सुरु गरेको थियो । त्यहाँबाट बतासेडाँडा, भैरवस्थान मन्दिर, जलेश्वर मन्दिर, वयदर राडर टावर, डुम्रे, प्रभास हुँदै जिल्लाका विभिन्न स्थान परिक्रम गरि पुन : पाल्पा दरबार परिसरमा आएर कार्यक्रम समापन भएको संघका सदस्य शान्ता थैवाले जानकारी दिए ।



-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सचेत र सतर्क बनौँ

मौसमविद्हरुले आइतबारदेखि नेपालमा भारी वर्षा सुरु हुने पूर्वानुमान गरेका छन् । भारतको उत्तरप्रदेशतर्फ रहेको मनसुनी रेखा नेपालतिर सर्ने र त्यसको प्रभावले सोमबारसम्म देशभर नै भारी वर्षा हुने उनीहरुको प्रक्षेपण छ । शुक्रबार र शनिबार दिउँसोसम्म अवस्था सामान्य नै रहे पनि आइतबारदेखि मनसुन सक्रिय हुने सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन भनिएको छ । अहिलेको नयाँ प्रणाली भने अलि शक्तिशाली हुने अनुमान मौसमविदले गरेका छन् । भारी वर्षका कारण ठाउँ ठाउँमा बाढी, पहिरो र डुवान हुने भएकाले वर्षा अगावै सचेत र सजग हुनुपर्ने जरुरी छ । यसका लागि गत वर्षको बाढी, पहिरोले क्षत विक्षत बनाएका सडकका साथै विस्तार, मर्मत र स्तरोन्नति भइरहेका सडक, राजमार्गहरूमा बढी सचेत हुनुपर्छ । त्यसै गरी बाढी, पहिरो र डुबानको उच्च जोखिममा रहेका नागरिकहरूलाई वर्षा हुनु अगाडि नै सुरक्षित स्थानमा लगेर राख्ने व्यवस्था मिलाउनु पर्छ ।

राज्यका सम्बन्धित निकायले पनि मौसम पूर्वानुमान महाशाखाको सूचनालाई आधिकारिक मानी भरपर्दो ढङ्गबाट व्यवस्थापनको चाँजोपाँजो मिलाउन आवश्यक छ । जोखिमपूर्ण सडकमा यथासम्भव धेरै डोजर तयारी हालतमा राख्नु पर्छ । मौजुदा सडक बत्तीहरूलाई बल्ने अवस्थामा राख्नुपर्छ भने जहाँ सडक बत्तीहरू राखिएको छैन ती स्थानमा सडक बत्तीको व्यवस्था गरिनु पर्छ, जसले गर्दा सडक दुर्घटना हुनबाट जोगिन्छ । सम्भव भएसम्म टाइम कार्डको व्यवस्था गर्नु पर्छ । लामो दूरीमा चल्ने सवारी साधनको सन्दर्भमा जानुपर्ने वा चल्नुपर्ने सडक अन्तर्गतको कुनै भू–भागमा भारी वर्षा भइरहेछ भने ट्राफिक प्रहरीले सोको जानकारी चालकहरूलाई गराएर उक्त स्थानमा वर्षा नरोकिएसम्म सुरक्षित स्थानमा सवारीसाधनलाई रोकिदिनु पर्छ । बाढी, पहिरोको जोखिम हुने स्थानहरूमा राज्यले साइरनको व्यवस्था गरिदिनु पर्छ । त्यसै गरी नागरिकले पनि सचेत हुँदै बर्खाको समयमा सकेसम्म लामो दूरीको यात्राको योजना नबनाउनु राम्रो हुन्छ । अत्यन्तै जरुरी परेर यात्रा गर्नैपर्ने भयो भने सडकको अवस्था बुझेर मात्र यात्रा गर्नु पर्छ । यसर्थ भारी वर्षाबाट हुने क्षतिबाट जोगिन अहिले नै सबैले आ–आफ्नो ठाउँमा सचेत र सतर्कता अपनाऔं ।

### Opinion @ Social Network

बाँच्नलाई साहस अनि हाँस्न लाई खुसी चाहिन्छ
सबैको आँखाको नानी बन्न त कहाँ सकिन्छ र यहाँ ।
*(दिपक शर्माको फेसबुक स्टाटसबाट www.facebook.com//Dipak.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विश्वविद्यालयहरू बीचका असमझदारी



## प्राडा शान्तिकृष्ण अधिकारी

पछिल्लो समय नेपालका विश्वविद्यालयहरूका बीचमा केही असमझदारी उत्पन्न भएको छ । नेपालभित्रैका अन्य विश्वविद्यालयका प्रमाणपत्रहरूको समकक्षता त्रिभुवन विश्वविद्यालयबाट लिनुपर्ने विषय पेचिलो बन्दै गएको छ । विद्यार्थी संख्या र कार्यक्रमका दृष्टिले साना भनिएका विश्वविद्यालयहरूमा एकाएक ठूलै चिन्ता पैदा हुनपुगेको छ । विशेषगरी नेपाल संस्कृत विश्वविद्यालय (नेसंवि) मा त्रिभुवन विश्वविद्यालय (त्रिवि) को रवैयालाई लिएर असन्तोष बढेको पाइन्छ । अझ त्यसमाथि विद्यावारिधि (पीएच्डी) का सन्दर्भमा त नेसंवि सम्बद्ध शिक्षक, विद्यार्थी र कर्मचारी सबैमा निकै आक्रोश बढेको देखिन्छ । नेसंविमा सेवारतमात्रै नभई नेसंविबाट विद्यावारिधि उपाधि हासिल गरेका तर त्रिविमै कार्यरत प्राध्यापकहरू त यति क्रुद्ध बनेका छन् कि उनीहरूले कुन दिन कस्तो ज्वारभाटा निकाल्ने हुन् अनुमान गर्न निकै कठिन छ । संघीय संसद्बाट ऐन पारित भई स्थापित सबै विश्वविद्यालयहरूको स्तर उस्तै हुन्छ । पुराना र धेरै कार्यक्रम चलाएका विश्वविद्यालयमा प्राध्यापक, कर्मचारी, विद्यार्थी बढी हुन्छन् र सीमित कार्यक्रम चलाउने गरी पछि खुलेका विश्वविद्यालयहरूमा सबै अंगहरूको मात्रा निश्चय नै कम हुन्छ ।

पाँच दशक उच्चशिक्षाको क्षेत्रमा एकछत्र राज गरी सात दशक पार गर्न लागेको विश्वविद्यालय र भर्खरै बामेसर्दै गरेका विश्वविद्यालयहरूको प्राज्ञिक एवं भौतिक अवस्थामा फरक देखिनु कुनै गर्व र ग्लानिको विषय होइन । मात्र यति हो कि ती विश्वविद्यालयहरूले कस्तो गुणस्तरका विद्यार्थी उत्पादन गरिरहेका छन् भन्ने हो । त्यसैले विश्वविद्यालयहरूको गुणस्तरका सम्बन्धमा तुलना या चर्चा हुनुलाई स्वीकार्य मानिन्छ तर होचो र अग्लो भन्ने मापदण्ड कोरिन सक्दैन । पछिल्ला समयमा प्रादेशिक विश्वविद्यालयहरू खुल्दै गएका छन् र विश्वविद्यालयहरू थपिने क्रम रोकिने छाँटकाँट देखिन्न । प्रदेश संसद्हरूले स्थापना गरेका सबै विश्वविद्यालयहरू पनि उही स्तरका मानिन्छन् अर्थात् प्रादेशिक स्तरका । एउटा प्रदेशले स्थापना गरेको विश्वविद्यालय महनीय र अर्को स्तरहीन भन्ने व्याख्या गर्न मिल्दैन । विश्वविद्यालयहरूका बीचमा अस्वस्थ प्रतिस्पर्धा हुने र एउटाले अर्काको मानहानी गर्ने कार्य आफ्नै विवेकले गर्न मिल्दैन भने कसैले गरी हालेमा त्यस्तो अवस्थाको अन्त्य गर्न राज्य संवेदनशील हुनुपर्दछ । भोलि गएर मधेस विश्वविद्यालयका प्रमाणपत्रहरूको समकक्षता गण्डकी विश्वविद्यालयले निर्धारण गर्ने भन्न मिल्छ र ? एउटा विश्वविद्यालयलाई अर्को विश्वविद्यालयले निर्देशन दिने, त्यहाँको प्रमाणपत्रको मूल्यांकन गर्ने र प्रमाणपत्रलाई मान्यता दिने कि खारेज गर्ने भन्ने प्रणाली कसैगरी शोभनीय हुँदैन र यस्तो व्यवस्था लागू गर्न खोजेमा निश्चय नै उच्चशिक्षाको क्षेत्रमा सुव्यवस्था कायम गर्न कठिन पर्दछ । आफ्ना जस्ता पनि राम्रा र अर्काका जति नै उच्चस्तरका भए पनि कमजोर देख्ने परिपाटी विश्वविद्यालयहरूले बसाल्न खोजे भने अनावश्यक र अवाञ्छित द्वन्द्वको सिर्जना हुनुबाहेक केही हुँदैन । समकक्षताको यही प्रणाली कायम रहेमा निकट भविष्यमै विश्वविद्यालयहरूका बीचमा तनाव उत्पन्न हुनसक्ने देखिएकाले शीघ्रातिशीघ्र राज्यले उपयुक्त नीति लिन आवश्यक देखिएको छ । भाइ नजन्मिदासम्म पिताको सम्पत्तिमा पहिलो सन्तानको एकल अधिकार निश्चित रूपमा हुन्छ । बाबुआमाबाट अर्को सन्तान जन्मिने बित्तिकै त्यो सम्पत्ति दुईजनामा बराबरी भाग लाग्छ । आफ्नो सम्पत्तिमा दावा गर्ने अर्को निस्कियो भनेर अंशबण्डा गर्ने बेलामा दोस्रो सन्तानको डिएनए टेष्ट गर्नेलगायत प्रस्ताव जेठोले राख्ने गरेको देखिँदैन र राखिहालेमा पनि त्यसलाई समाजले जेठाको अर्घेल्याइँ ठान्दछन् । जेठाले निहुँ खोज्यो भने कान्छाले पनि अनेक अत्तो थाप्ने काम गर्न सक्दछ । देशको दोस्रो पुरानो विश्वविद्यालय नेसंवि हो । जुन ऐनले त्रिवि स्थापना भएको हो त्यस्तै ऐनले नेसंवि पनि स्थापित विश्वविद्यालय हो । त्रिविलाई स्थापना गर्ने निकाय जुन हो नेसंविलाई स्थापित गर्ने संस्था पनि त्यही नै हो । त्रिविका उपकुलपतिलगायत पदाधिकारीलाई राज्यले जुन हैसियत दिएको छ, नेसंविका उपकुलपतिलगायतका पदाधिकारीहरूलाई पनि समान हैसियत नै दिएको छ । ठूलो संस्थाका पदाधिकारीलाई आमसर्वसाधारणमध्येका धेरैले चिन्लान्, अन्य विश्वविद्यालयहरूकालाई अलि कमले मात्रै चिन्लान् तर राज्यको मर्यादाक्रममा एकै ठाउँमा पर्दछन् । यस्तो अवस्था हुँदाहुँदै पनि अहिले त्रिविले नेसंविबाट विद्यावारिधि गरेका कतिपयलाई त्रिविबाट समकक्षता लिन हम्मेहम्मे परेको छ । राज्यको कुन निकायले हो कुन्नि समकक्षता निर्धारणको जिम्मा त्रिविलाई दिएको भनिएको छ र यसैका आडमा त्रिविले अन्य विश्वविद्यालयहरूमा समेत हैकम जमाउने अवसर प्राप्त गरेको छ । यसबाट साना विश्वविद्यालयहरू आहत हुन पुगेका त छन् नै, त्यहाँबाट उपाधि हासिल गरेकाहरू मर्माहत समेत भएका छन् । यसरी त्रिविलाई समकक्षताको अधिकार एकलौटी प्रदान गरिनु कसैगरी न्यायसंगत देखिँदैन । समानस्तरका विश्वविद्यालयमध्ये एकले अर्कोको प्रमाणपत्रको मूल्यांकन गर्ने र स्तरनिर्धारण गर्ने अनि अर्कोले सहेर बस्ने परिस्थिति शिक्षाक्षेत्रमा बसेका कसैलाई मान्य हुँदैन । यस्तो अवस्था राज्यका परिवेशबाट उत्पन्न गरिए यसले द्वन्द्वमात्रै सिर्जना गर्दछ । अन्यत्रका द्वन्द्वहरूको समाधानको उपायसमेत खोज्ने ठाउँ विश्वविद्यालय हुन् । तिनै विश्वविद्यालय आफैं द्वन्द्वमा फसे भने न नेपालको उच्चशिक्षाले सही गन्तव्य पहिल्याउन सक्दछ न मुलुकले नै शिक्षाक्षेत्रबाट अपेक्षा गरिए बमोजिमको परिणाम हासिल गर्न सक्दछ । तसर्थ वर्तमानमा उत्पन्न भएको स्तरनिर्धारणसम्बन्धी विवादको अन्त्य गर्नका लागि सम्बन्धित पक्ष तदारुकताका साथ सम्वेदनशील हुन जरुरी देखिएको छ । त्रिविले विद्यावारिधि कार्यक्रममा जस्तो प्रक्रिया अपनाउँछ, नेसंविमा केही फरक भए पनि तात्विक भिन्नता कुनै देखिँदैन । संस्कृत विषयका कार्यक्रमहरू त नेसंविले चलाउने नै भयो त्रिविले प्रश्न उठाएको भनिएको संस्कृतबाहेकका विषयमा हो तर त्रिविले विद्यावारिधि गराउँदा जसलाई निर्देशक, सहनिर्देशक राख्दछ, तिनै व्यक्तिहरूलाई नेसंविमा विशेषज्ञ बनाइने गरिएको छ । उनै विशेषज्ञले सिफारिश गरेका शोधार्थीहरूलाई त्रिविले विद्यावारिधिको उपाधि दिँदा मान्य हुने र तिनै विशेषज्ञले नेसंवि मार्फत सिफारिश गर्दा अमान्य हुने भन्ने परिभाषा सर्वथा गलत छ यद्यपि यही प्रयास गरिएको छ । बरू गुणस्तरको मापन गर्ने, गुणस्तर कायम गर्न विश्वविद्यालयलाई दबाब दिने र यसैका आधारमा अनुदान बढाउने वा घटाउने भन्ने निर्णय विश्वविद्यालय अनुदान आयोगबाट भएमा सबै विश्वविद्यालयहरूले आफू अपमानित भएको अनुभव गर्दैनन् । त्यसैगरी समकक्षताको प्रमाणपत्र समेत विश्वविद्यालय अनुदान आयोगले नै दिने व्यवस्था भएमा पनि अन्य विश्वविद्यालय सम्बद्धहरूले चित्त बुझाउन सक्दछन् । खासमा विचार पुऱ्याउनुपर्ने के हो भने एउटै देशभित्र एउटै कानूनद्वारा स्थापना भएका विश्वविद्यालयहरूका प्रमाणपत्रहरूको समकक्षता भन्ने प्रश्न उठ्नै हुँदैन । नेपालको कानुनद्वारा स्थापित विश्वविद्यालयमा पढेर नेपालमै जागिर खान प्रमाणपत्र जाँच गर्ने थिति हुनुभनेको बेथितिको पराकाष्ठामात्रै हो । कुन विश्वविद्यालयले के-के विषयमा पढाउन पाउने, कुन विश्वविद्यालयमा शिक्षक कति राख्ने, कर्मचारीको दरबन्दी कति व्यवस्था गर्ने, कुन विश्वविद्यालयलाई के-के विषयमा विद्यावारिधि कार्यक्रम सञ्चालन गर्न दिनेजस्ता विषयहरूको निर्णय विश्वविद्यालय अनुदान आयोगलाई सर्वाधिकार सम्पन्न बनाई यसैले गर्ने परिपाटी बसालेमा सबैका लागि समान व्यवहार गरिएको मानिन्छ । राज्यले विश्वविद्यालयहरूका बीचमा असमान व्यवहार गरेमा थिचिएको विश्वविद्यालयले अपेक्षित प्रगति गर्न निश्चय नै मुस्किल पर्दछ । ढिलो नगरी यसमा सम्बन्धित निकायले ध्यान दिन जरुरी भइसकेको छ । विश्वविद्यालयहरूले आफ्ना उपाधि दिने प्रक्रिया आफैं निर्धारण गर्दछन् । विश्वका अनेकौं विश्वविद्यालयका आ-आफ्नै नियम र कानुन छन् । सबैका उस्तै हुन्छन् भन्ने सोच्न पनि सकिन्न र हुँदा पनि हुँदैन । त्रिविसँग कुनै पनि नियम एकरत्ति नमिल्ने नेपाल बाहिरका विश्वविद्यालयहरूबाट विद्यावारिधि गरेर आएकाहरूलाई त्रिविले मान्यता दिइराखेको छ तर उस्तै प्रकृतिको नेसंविमाथि प्रश्न उठाइनु किमार्थ स्वागतयोग्य मान्न सकिँदैन । एकजना पनि विद्यार्थी नपढाउने तर शैक्षिक क्रियाकलापमा संलग्न संस्थाहरूबाट समेत विद्यावारिधि दिइने गरेका उदाहरण विश्वमा पर्याप्त छन् भने नेसंविले त त्यही त्रिविकै प्राध्यापकहरूलाई विशेषज्ञमा बोलाउने गरेको छ । स्नातक पढेकाले स्नातकोत्तर तह नपढाइ विद्यार्थीलाई एकैपटक विद्यावारिधि तहमा अध्ययन गराउने विश्वविद्यालयसमेत छन् र तिनका प्रमाणपत्रसमेत त्रिविमा मान्य छन् भने नेसंविका सन्दर्भमा किचलो गर्नु त्रिविकै लागि शोभनीय देखिँदैन । नेसंविको अनुसन्धान केन्द्रको अनुसन्धान समितिमा आधाआधी सदस्य त्रिविकै राख्ने गरिएको छ र शोधको रक्षा प्रतिरक्षा त्यही अनुसन्धान समिति र विशेषज्ञहरूका सम्मुख हुने गर्दछ । सबै कार्य सकिएपछि उपाधिका लागि सिफारिश गर्ने त्यही अनुसन्धान समिति हो । कि त त्रिविले आफ्ना प्राध्यापक माथि नै विश्वास छैन भन्नु पऱ्यो, कि त नेसंविले छनौट गरी राखेका विशेषज्ञहरू बेइमान हुन् भनेर घोषणा गर्नु पऱ्यो । होइन भने नेसंविका विद्यावारिधिका उपाधिहरूमाथि त्रिविले प्रश्न उठाउने नैतिक हैसियत कसैगरी राख्दैन । यति हुँदाहुँदै पनि नेसंवि आफैंले र नेसंविका प्राध्यापकहरूले आफ्ना बारेमा पनि केही सजग हुनुपर्ने देखिन्छ । विश्वविद्यालयबाट प्रदान गरिएका उपाधि सबै नै उपल्ला गुणस्तरका हुन्छन् भन्ने त न नेसंविमा हुन्छ न अरू कुनै विश्वविद्यालयमै । अरूका प्रमाणपत्रमा समकक्षता निर्धारण गर्ने जिम्मा पाएको त्रिविकै शोधग्रन्थहरू केलाउने र त्रिविबाट उपाधि लिएकाहरूको शैक्षिक गुणस्तर हेर्ने हो भने पनि खोट देखाउन सहजै सकिन्छ यद्यपि अरूमा कमजोरी छ भनेर नेसंविले आफ्ना कमजोरी ढाक्ने प्रयास गर्न हुँदैन । भए गरेका कमजोरीको निदान खोजी आगामी दिनमा कमभन्दा कम गल्ती होस् भन्ने मनसायका साथ काम गर्नुपर्ने आवश्यकता छ । उपकुलपतिले चरेसको थालमा भात खान्छन् कि स्टिलमा, शिक्षाध्यक्षले पूर्व फर्केर शौच गर्छन् कि उत्तर, कुलसचिवले आफ्नो यात्रामा ककसलाई सदस्य बनाएर डुल्छन् जस्ता विषयमा चासो राखेर फेसबुकमा पोस्ट गर्नमै प्राध्यापकहरू केन्द्रित भए भने विश्वविद्यालयको गुणस्तर वृद्धि सपनामात्रै हुन्छ । बरू विश्वविद्यालयका पदाधिकारीका नाजायज कामहरूमा सचेत गराउने र राम्रा कामका प्रशंसा गर्ने अनि आफूलाई कक्षाकोठामा व्यस्त राख्ने बानी पार्न प्राध्यापकहरू केन्द्रित भए भने अरू विश्वविद्यालयले उठाउने प्रश्न आफैं सेलाएर जान्छन् । दाहिने विश्वास राख्ने पदाधिकारीको खेदो खन्न देब्रेका मरिहत्ते गर्ने र देब्रे विश्वास राख्नेलाई दाहिनेले उछित्तो काढ्ने काम मात्रै गरेमा पशुपतिनाथको कृपा कुर्नुबाहेक केही बाँकी रहँदैन ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मान सम्मानमा वृद्धि हुनेछ। दुविधामा परेर कुनै निर्णयमा नपुग्नुहोस्। | **तुला** : साझेदारी व्यापारमा लाभ मिल्नेछ। रोकिएका कार्यले गति लिनेछ। |
| **वृष** : रोजगारमा सफलता मिल्नेछ। चिताएका काम सम्पादन गर्नमा बाधा आउनेछ। | **वृश्चिक** : नयाँ कुरा सिक्ने अवसर मिल्नेछ। कीर्तिमान कार्य गर्ने समय रहेको छ। |
| **मिथुन** : व्यवसायमा मनग्य लाभ रहनेछ। दिगो लाभ हुने कार्य प्रारम्भ गर्न सकिनेछ। | **धनु** : लगनशीलताले गरिएको कार्य सफल रहनेछ। नयाँ लगानी लगाउनबाट बच्नुहोस्। |
| **कर्कट** : रोकिएका कार्य पुन: प्रारम्भ हुनेछन्। सकारात्मक सोचको साथ अगाडी बढ्नुहोस् । | **मकर** : अरूको भरपर्दो कार्य बिग्रिन सक्ला। पारिवारिक सद्भावमा कमी आउनेछ। |
| **सिंह** : सैद्धान्तिक विषयको चर्चा परिचर्चा हुनेछ।प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **कुम्भ** : धार्मिक वा समाजसेवा मन लाग्नेछ। भाग्यको साथ मिल्नेछ। |
| **कन्या** : वातावरण सोचे अनुकूल नहोला। किनमेल गर्दा सामानको सुरक्षा स्वयं राखौं। | **मीन** : सञ्चित धनमा वृद्धि हुनेछ। समय सन्दर्भ अनुसार आफूलाई प्रस्तुत गर्नुहोस्। |

# कृषि

## मौसमी सागसब्जी बेचेर मासिक दुई लाख आर्जन



कैलालीका जानकी गाउँपालिका-५ पहाडीपुरका नारायण जोशीको परिवारको मुख्य आम्दानीको स्रोत सागसब्जी खेती हो । बाइस वर्षअघि उनका पिताले थालेको सागसब्जी खेतीलाई उनले व्यावसायिक रूपमा अघि बढाएका छन् । रानीजमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइले किसानलाई खेतीमा हौसला मात्र होइन व्यावसायिक बन्न सघाएको छ । आयोजनाको सहयोग पाएका किसान खेतीमा प्रविधि र नयाँ सीप सिकेर व्यावसायिक बनेका छन् । सागसब्जी खेतीमा भविष्य र कमाइ देखेर व्यावसायिक खेती गरिरहेका खप्तड पशुपन्छी तथा कृषि फार्मका सञ्चालक नारायणलाई सिँचाइ आयोजनाको सहयोगले पेसामा टिकिरहन सहज बनाइदिएको छ । उनले तीन बिघामा गोलभेँडा, आलु र लहरे सागसब्जी लगाएका छन् ।

"तीस लाख लगानी गरेको हुँ, वार्षिक एक हजार क्विन्टल उत्पादन हुने गरेको छ । सबै खर्च कटाएर मासिक रु एक लाख पचास हजारदेखि दुई लाखसम्म बचत हुन्छ", किसान जोशीले भने । उनको पाँच जनाको परिवार सागसब्जी खेतीमा रमाएको छ । जग्गाको खोजीमा रहेका नारायण आयोजनाले सहयोग गरिरहेकाले आफू थप दश बिघामा सागसब्जीखेती गर्ने योजनामा रहेको राससलाई बताए । उनले जैविक मलमात्र प्रयोग गरेर खेती गर्दै बताएका छन् । रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कृषि कार्यक्रम कार्यान्वयन एकाइले किसानलाई बीउबिजन, नयाँ प्रविधिमा अनुदान सहयोग गर्न थालेपछि किसानहरु व्यावसायिक खेतीतर्फ आकर्षित भएका हुन् । सिँचाइ आयोजनाका कृषि अधिकृत आकृति ठाकुर बाली संरक्षणका लागि खेती गर्नुपूर्व माटोदेखि नै सचेत हुनुपर्नेमा जोड दिन्छन् । "खेती गर्दा माटोको संरक्षणबाटै सुरु गरेमा नारायणजस्तै राम्रो आम्दानी लिन सकिन्छ", उनि भन्छन्, "किसानले माटो, वातावरण संरक्षणबाटै खेती थाल्नुपर्छ । यसरी ध्यान दिने किसानलाई हामीले बाली संरक्षणमा पनि सघाइरहेका छौँ ।" सिँचाइ आयोजनाका प्रमुख भरत कँडेल आयोजनाको युवा किसानलाई कृषिमा प्रेरित गर्ने नीति भएको बताउन्छन् । "यसरी प्रेरणादायी रुपमा काम गर्ने किसानलाई टेको लगाउने काम आयोजनाले गरिरहेको छ", उनि भन्छन्, "कृषिमा जोशी परिवारको सफलता देख्दा खुसी लागेको छ ।" आयोजनाको कमाण्ड क्षेत्रका किसानहरु व्यावसायिक बन्न किसानको आवश्यकताका आधारमा आयोजनाले बीउबिजनमा ५० प्रतिशत अनुदान, नयाँ प्रविधिमा ७० देखि ८० प्रतिशत अनुदान उपलब्ध गराएको छ । सागसब्जीखेतीलाई पेशा बनाएर युवा पुस्तालाई पनि त्यसमा नै रमाउन अभिप्रेरित गरेका किसान नारायणका बुबा प्रेमप्रसाद जोशीलाई दुई साताअघि राष्ट्रपति रामचन्द्र पौडेलले पुरस्कृत गरेका छन् । राष्ट्रपतिले नगद रु दुई लाखसहित उनलाई कृषिका माध्यमबाट मुलुकको आर्थिक समृद्धिमा योगदान दिएको भन्दै पुरस्कृत गरेका हुन् ।

*-हिमालय टाइम्स डटकम*


## सिँचाइमा क्षति पुग्दा बाँझिए खेतबारी



एक दशकअघि तमोर कोरिडोरको ट्र्याक खोल्ने क्रममा यहाँको टारी कुलो सिँचाइमा क्षति पुग्यो । आयोजनामा क्षति भएपछि कुम्मायक गाउँपालिका-४, शिवादोभानको फाँटमा पानी आउन छाड्यो । जसको असर खेतीमा पर्‍यो । तमोर कोरिडोरअन्तर्गत अन्यत्र कालेपत्रे भइरहँदा यहाँ भने बर्सेनि ट्र्याक खोल्ने र अलपत्र छाड्ने काम भइरहेको छ । बर्सेनि सडकको ट्र्याक खोल्दा शिवादोभानलाई सिञ्चित गर्ने टारी कुलो सिँचाइ योजनामा क्षति पुग्दै आएको छ । सडक निर्माणको जिम्मा पाएको निर्माण कम्पनीले बर्सेनि ट्र्याक खोल्ने, सतह मिलाउनेलगायत काममा माटो कटान गरी फाल्ने गरेको छ । यसको असर सिँचाइ आयोजनामा परेको छ । स्थानीय पूर्णबहादुर सम्बाहाम्फेका अनुसार सिँचाइ योजना मर्मतको प्रयास भए पनि पूर्णरुपमा हुन सकेको छैन । 'डेढ किलोमिटर लम्बाईको कुलो शिवादोभानका एक दर्जनभन्दा बढी परिवारका लागि खेतीको आधार थियो, यसबीचमा आयोजना मर्मतका लागि सरकारले रु १५ लाख र निर्माण कम्पनीले रु दुई लाख दिएका थिए, त्यसबाट पक्की कुलो बनाइएको थियो,' उनले भने, 'तर बर्सेनि ट्र्याक खोल्दा माटोले कुलो पुरिने गरेको छ, यसको दीर्घकालीन समाधान हुन सकेको छैन ।' फिदिम नगरपालिका र कुम्मायक गाउँपालिकाको सीमा क्षेत्र पर्ने शिवादोभानको फाँटमा सिंचाइको सुविधा हुँदा अहिले खेतीपाती हुन छाडेको स्थानीय ललितबहादुर सम्बाहाम्फेको भनाइ छ । 'कुनै समय वर्षमा तीन बालीसम्म लगाइन्थ्यो, कुलोमा क्षति पुगेपछि मकै मात्रै लगाउँदै आएका थियौं, अहिले त्यो पनि कम भएको छ ।' सिँचाइको अभावमा खेतीयोग्य जमिन बाँझिदै जाँदा स्थानीयको आयआर्जनको स्रोत पनि बन्द भएको उनको भनाइ छ । सम्बाहाम्फेकाअनुसार अहिले उत्पादन हुन छाडेपछि दाउरा र पानीबाहेक सबै किनेर खानुपर्ने अवस्था छ । उनका अनुसार सिँचाइको अभावमा शिवादोभानमा पर्ने फिदिम नगरपालिका-४ सरखण्डे, फिदिम-९ लुम्फाबुङ र कुम्मायक-४ रानीगाउँका खोला आसपासका खेत बाँझिएका छन् । कुम्मायक गाउँपालिका-४ का वडाध्यक्ष फगेन्द्रकुमार सम्बाहाम्फेले निर्माण कम्पनीले समयमै काम नगर्दा समस्या भएको बताउँछन् । सिँचाइ कुलो मर्मतका लागि चालु आर्थिक वर्ष २०८१/८२ मा कुम्मायक गाउँपालिकाले दुई लाख ५० हजार विनियोजन गरेको थियो । यद्यपि काम भने नभएको उनको भनाइ छ ।

*-रासस*

## हल गोरु पाल्ने किसानले पाए गाउँपालिकाको अनुदान



म्याग्दे गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा हल गोरु पाल्ने २७५ कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराएको छ । पछिल्लो समय गोरु पाल्ने प्रचलन हराउँदै जान थालेपछि प्रतिहलगोरुलाई चार हजारका दरले कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराएको हो । कृषकलाई प्रोत्साहन गर्न अनुदान कार्यक्रम राखिएको गाउँपालिकाका पशु सेवा उपशाखाका पशु विकास अधिकृत मुक्ति राम पौडेलले जानकारी दिए । उनले भने, 'गाउँपालिका मातहत रहेका सात वटा वडा कार्यालयमध्ये यस गत आवमा १ देखि ४ नम्बर वडाका उक्त सङ्ख्याका हलगोरु पाल्ने कृषकलाई अनुदान दिएका हौं, अनुदानमा रु ११ लाख खर्च भएको छ ।' उनका अनुसार आव २०८२/८३ का लागि ५ देखि ७ नम्बर गरी तीन वडाका कम्तीमा ४०० हलगोरु पाल्ने कृषकलाई अनुदान दिइने योजना रहेकाले सोहीअनुरूप बजेट समेत विनियोजन गरिएको छ । गाउँपालिकाले सातवटै वडाका कृषकलाई प्रोत्साहनस्वरूप अनुदान दिँदै आएको छ । गोरु पाल्ने कृषकलाई बर्सेनि नदिई एक/एक वर्षको अन्तरालमा अनुदान दिइने गरिएको छ । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले गोरु पाल्ने प्रचलन घट्दै जाँदा खेतबारी बाँझो हुन थालेपछि जग्गा बाँझो हुन नदिन यस किसिमको कार्यक्रम ल्याइएको बताए । उनले भने, 'प्रोत्साहन रकमले हलगोरु पाल्ने कृषकको सङ्ख्या बढ्दै गएको छ, गोरु पाल्ने क्रम बढेसँगै खेतबारी बाँझो राख्ने परम्परा पनि हट्दै गएको छ, कार्यक्रम प्रभावकारी समेत बन्दै गएको छ ।' गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले गोरुको प्रोत्साहनका लागि उपलब्ध गराइएको रकम गोरुको पोषणका लागि खर्च गर्न कृषकलाई सुझाव दिने गरिएको बताए । यसरी अनुदान पाउने कृषकका गोठमा स्थलगत अनुगमन गरी गोरुलाई 'ट्यागिङ्ग गर्ने गरिएको सो गाउँपालिकाले जनाएको छ ।

*-अनलाइन खबर डटकम*

## कफीको बिरुवा बेचेर साढे १३ लाख कमाई



माङसेबुङ गाउँपालिका-२ रत्नबस्तीका किसान राजेश राईले कफीको बिरुवा बेचेर मनग्य आम्दानी गर्दै आएका छन् । उनले यस वर्षमात्र कफीका बिरुवा बिक्रीबाट रु १३ लाख ५० हजार आम्दानी गरेका छन् । पाँच वर्षअघि 'वाइदेल नर्सरी सेन्टर' स्थापना गरी कफीका बिरुवा उत्पादन गर्दै आएका राई माङसेबुङकै एक असल बिरुवा उत्पादक किसानका रूपमा परिचित छन् । फेवाखोला नजिकै गजुरमुखी-इभाङ-चतुरे सडकको छेउमा पाँच रोपनी जग्गामा बिरुवा उत्पादन गर्दै आएको छ । यस वर्ष उनले ४५ हजार कफीका बिरुवा बिक्री गरेका छन् । कफीको बिरुवा उत्पादन गर्न थालेपछि नर्सरीमै बिरुवा लिन आउने गरेको उनले बताए । कम समय, श्रम र पैसामा धेरै उत्पादन र आम्दानी गर्न सकिने भएकाले कफीको बिरुवा उत्पादनलाई प्राथमिकतामा राखेको उनको भनाइ छ । कफीको बिरुवा इलामकासँगै पूर्वको सङ्खुवासभा र भोजपुर जिल्ला तथा छिमेकी मुलुक भारतको सिक्किमसम्म लैजाने गरेका छन् । बिरुवा विभिन्न पालिका, वडा कार्यालय, फार्म र किसानले खरिद गरी लैजाने गरेको उनको भनाइ छ । "बिरुवा उत्पादन गर्न खासै धेरै मेहेनत र समय पनि लाग्दैन", उनले भने, "यहाँ उत्पादित बिरुवा इलाम तथा बाहिरसमेत जाने गरेको छ ।" कफीको बिरुवा प्रतिगोटा रु ३० का दरले नर्सरीबाटै बिक्री भएको उनले बताए । राईले नर्सरीमा कफीमात्र होइन, अरु वनपैदावार बिरुवासमेत उत्पादन गर्दै आएका छन् । उनको नर्सरीमा लाम्पाते, सिमल, पानीसाज, खमारी, उतिसलगायत वनपैदावार र आँप, लिची, कटहरलगायत फलफूलका बिरुवा पनि उत्पादन हुँदै आएको छ । वनपैदावार र फलफूलको बिरुवा प्रतिगोटा रु ४० का दरले नर्सरीबाटै बिक्री हुने गरेको उनले बताए । "कफीको बिरुवालाई पहिलो प्राथमिकता दिएको छु । अन्य वनपैदावार र फलफूलका बिरुवा पनि छन्", उनले भने, "एकै ठाउँमा आफूलाई चाहिएको जति बिरुवा पाइने भएपछि ग्राहकलाई पनि सजिलो भएको छ ।" बिरुवा स्याहारसुसार तथा उखेल्ने र बिक्री गर्ने काममा राजेश आफैं खट्छन् । छोटो समयमा धेरै आम्दानी गर्न सकिने भएकाले बिरुवा उत्पादनमा जोड दिएको उनको भनाइ छ । उनको नर्सरी फार्मलाई कोशी प्रदेश सरकारको पनि राम्रै सहयोग मिलेको छ । दुई वर्षअघि कृषि ज्ञान केन्द्र इलाममार्फत नर्सरी प्रवर्द्धनका लागि उनले लागत साझेदारीमा रु दुई लाख अनुदान पाएका थिए । साझेदारीमा व्यवस्थित टनेल निर्माण गरिएको उनले बताए । कृषि ज्ञान केन्द्र इलामका तथ्याङ्कानुसार इलाममा एक सय ३५ हेक्टर क्षेत्रमा कफीको व्यावसायिक खेती हुँदै आएको छ ।

*-रासस*

# रुरुक्षेत्र गाउँपालिकामा लगाइएको ताला खुल्यो



**गुल्मी,** साउन ३/जिल्लाको रुरुक्षेत्र गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा लगाइएको ताला पाँच दिनपछि खुलेको छ । ३० असारदेखि नेकपा एमाले रुरुक्षेत्र गाउँकमिटीले लगाएको ताला शुक्रबार नेपाली काँग्रेस रुरु क्षेत्र गाउँपालिका र विभिन्न संघसंगठनको समन्वयमा खुलाइएको हो ।

तालाबन्दीले कार्यालयको सेवा प्रवाहमा लगातार बाधा पुगिरहेको जनाउँदै काँग्रेसले जिल्ला सुरक्षा समितिलाई ताला खोली सेवा प्रवाहमा सहजता बनाईदिन आग्रह गरेपछि समितिको निर्णयअनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरी बल गुल्मीले सुरक्षा प्रदान गरेर गाउँपालिकाका कर्मचारीले तालाबन्दी खोलेका हुन् । काँग्रेसले पटक-पटक आन्दोलनरत पक्षसँग छलफल गरे पनि ताला नखुलेपछि विहीबार जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाई तत्काल ताला खुलाई पालिकाको सेवा प्रवाह सुचारु गर्न आग्रह गरेको थियो । काँग्रेसको आग्रहलाई सहजै स्वीकार गरी जिल्ला सुरक्षा समितिले ताला खोल्ने निर्णय गरी खुला गरिएको काँग्रेस रुरुक्षेत्र गाउँपालिकाका कार्यवाहक सभापति मधु ज्ञवालीले बताए । उनका अनुसार, जनताको सेवा प्रवाह प्रभावित भएकाले जिल्ला प्रशासन, स्थानीय सुरक्षाकर्मीको सहकार्यमा ताला खोलिएको हो । विद्यालयमा डिजिटल बोर्ड खरिद गर्ने विषयमा नीतिगत त्रुटि भएको र खरिद भइसकेका बोर्डको भुक्तानी नभएको भन्दै आन्दोलनरत पक्षले तालाबन्दी गरेको थियो । यस विषयमा रुरुक्षेत्रमा गाउँपालिकाले गलत गर्ने कुनै नियत नभएको र प्रक्रिया पूरा नभई विद्यालयमा जडान गरेका डिजिटल बोर्डको भुक्तानी नभएको जनाएको थियो । यससम्बन्धी संवैधानिक निकायबाटै अनुसन्धान भइरहेको विषयमा तालाबन्दी गर्नु गलत भएको रुरुक्षेत्र गाउँपालिका प्रवक्ता हरिप्रसाद ज्ञवालीले प्रेस विज्ञप्तिमार्फत जानकारी गराएका थिए । रुरुक्षेत्र गाउँपालिका अध्यक्ष यदु ज्ञवाली र प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले कार्यालयको प्रतीक्षालय र गाउँगाउँमा पुगेर प्रदान गर्नुपर्ने सेवा प्रवाह गरिरहेका थिए । यस विषयमा शुक्रबारमात्रै पनि निजामती कर्मचारी आबद्ध गुल्मीस्थित सम्पूर्ण संगठनहरूले पनि यथाशीघ्र ताला खोल्न भन्दै जिल्ला प्रशासन कार्यालय गुल्मीमा ज्ञापनपत्र बुझाएका थिए ।

# ‘पुष्कर अथक रेग्मी विशेष अङ्क’ माथि परिचर्चा




**पाल्पा,** साउन ३/पाल्पाली साहित्यकार तथा लेखक पुष्कर अथक रेग्मीका बारेमा साहित्यिक मासिक जनमतमा प्रकाशित ‘पुष्कर अथक रेग्मी विशेष अङ्क’ माथि परिचर्चा गरिएको छ । पाल्पा साहित्य समाजको आयोजनामा तानसेनमा एक औपचारिक कार्यक्रम गरी उक्त अंकको चर्चा परिचर्चा गरिएको हो ।

कार्यक्रममा पाल्पा साहित्य समाजका संरक्षक राजेन्द्र गोपाल सिंहले राष्ट्रियस्तरको साहित्यिक पत्रिका जनमतमा पाल्पा साहित्य समाजका अध्यक्ष पुष्करको विशेषाङ्क नै छापिनु पाल्पालीका लागि गौरवको विषय भएको बताए । उनले भने “पुष्कर पाल्पाको साहित्य क्षेत्रको वर्तमानमा अहोरात्र खटिरहने साँच्चै अथक पात्र हुन् ।” विशेषाङ्कको परिचर्चा गर्दै साहित्यकार पत्रकार एवं परेवा पाक्षिकका सम्पादक भोजराज भट्टराईले बहुमुखी प्रतिभाका धनी पुष्कर अथक रेग्मी बहुआयामिक हुनुका साथै बहुविधामा कलम चलाउँदै र साहित्यका चारवटै विधामा कृति प्रकाशित गरिसकेका स्थापित साहित्यकार भएको बताए । जनमत पत्रिकाले उनको कदर गरि विशेषाङ्क निकालेको हो । विशेषाङ्कभित्र १९ जना स्रष्टाहरूले अथकको बारेमा विभिन्न दृष्टिकोणबाट प्रस्तुत गरिएका लेखहरू प्रकाशित भएका छन् । कार्यक्रममा ४८ जना स्रष्टा र द्रष्टाहरूको सहभागीता रहेको थियो । समाजका संरक्षक राजेन्द्र गोपाल सिंहको अध्यक्षता, अध्यक्षत पुष्कर अथक रेग्मीको स्वागत र सचिव सविता भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# धार्मिक तथा पर्यटकीय...

...संघले गत वर्ष दुई दिने ‘हेरिटेज राइड-२०८१’ सञ्चालन समेत गरेको थियो । यस वर्ष दिस इज नट अ रेस, एभ्रीवन इज अ उइनर’ भन्ने नाराका साथ दोस्रो कोरा पाल्पा साइकलिङ च्यालेन्ज-२०२५ आयोजना गरिएको संघका अध्यक्ष रूपेश महर्जनले बताए । उनले भने, “पाल्पामा दोस्रो पटक व्यवस्थित ढङ्गले कोरा आयोजना गरेका हौं । यसले यहाँको पर्यटन, स्वास्थ्य, र वातावरणीय सचेतनामा नयाँ ऊर्जा ल्याउने छ ।” यो वर्षको कोरा यात्रा ऐतिहासिक र प्रभावशाली हुने विश्वास लिइएको उनको भनाई छ । कार्यक्रममा ७० जना साइक्लिङ्ग सहभागी रहेका संघका उपाध्यक्ष अमनकाजी शाक्यले बताए । कार्यक्रममा सहभागी हुने साइकल यात्रीहरुले यहाँका विभिन्न प्रमुख धार्मिक स्थलहरु तथा पर्यटकीय स्थलहरुलाई घडीको दिशामा परिक्रमा गरी ५५ किलो मिटरको यात्रा पुरा गरेको उनको भनाई छ । स्वास्थ्यका लागि साईक्लिङ्गको महत्व बुझाउन, धार्मिक स्थलहरूको प्रचार र यहाँका पर्यटकीय क्षेत्रको प्रर्वद्धन गर्न कोरा साइक्लिङ च्यालेन्ज महत्वपूर्ण हुने उपाध्यक्ष शाक्यले विश्वास लिए । उनले भने, “कोरा केवल साइकल यात्रुहरूको जमघट मात्र होइन, यो समाजका लागि योगदान गर्ने एक महान अवसर पनि हो । पाल्पावासीहरूको उत्साह देख्दा हामी अत्यन्त उत्साहित छौं ।” यात्राका क्रममा कुनै स्वास्थ्य समस्या आए स्वास्थ्यकर्मीको टिम समेत तयारी अवस्थामा राखिएको संघका सचिव विज्ञान ब्रजाचार्यले बताए ।

## खेलकुद समाचार

# नेपालको लगातार दोस्रो जीत



**काठमाडौं,** साउन ३/नेपाली लिग च्याम्पियन हेल्प नेपाल स्पोर्ट्स क्लबले काभा पुरुष च्याम्पियन्स लिगमा लगातार दोस्रो जीत निकालेको छ । माल्दिभ्समा चलिरहेको च्याम्पियन्स लिगको दोस्रो खेलमा हेल्प नेपालले घरेलु टोली क्लब एचडिसीलाई ३-१ ले हरायो । शुरुवाती दुई सेट जितेको हेल्प नेपालले तेस्रो सेट गुमाएको थियो भने चौथो सेटमा खेलमा फर्कन सफल भयो । शुक्रबारको खेलमा हेल्प नेपाल २५-१९, २५-२३, १९-२५, २५-२२ ले विजयी भएको हो । अस्तिदेखि शुरू भएको प्रतियोगिताको आफ्नो पहिलो खेलमा हेल्प नेपालले घरेलु अर्को टोली धिवेही सिफाइन्स क्लबलाई ३-२ को सेटमा हराएको थियो । सेन्ट्रल एशियन भलिबल एसोसिएशन (काभा) को आयोजना भइरहेको च्याम्पियन्स लिगमा काभाका सदस्य रहेका ५ देशका लिग च्याम्पियन क्लब र आयोजकको उपविजेतासमेत गरी ६ टोली सहभागि छन् । च्याम्पियन्स लिगको विजेताले सन् २०२६ को एशियन क्लब च्याम्पियनशिप खेल्न पाउनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# कृषकलाई प्रोत्साहनस्वरुप दूधमा अनुदान



**वालिङ (स्याङ्जा),** साउन ३/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्याङ्जाले दूधमा अनुदान दिएको छ । उत्पादनका आधारमा कृषकलाई प्रोत्साहित गर्न कार्यालयले जिल्लाभित्र सञ्चालनमा रहेर मापदण्ड पूरा गरेका समूह, सहकारीलाई प्रतिलिटर रु पाँच अनुदान उपलब्ध गराएको हो ।

उत्पादनमा आधारित प्रोत्साहन सहयोगअन्तर्गत मापदण्डअनुसार दैनिक २०० लिटर दूध सङ्कलन गर्ने र वार्षिक २०० दिन दूधको कारोबार गर्ने समूह सहकारीलाई छनोट गरी सहयोग दिइएको भेटेरिनरी तथा पशु विज्ञ केन्द्र स्याङ्जाका प्रमुख रुपेश श्रेष्ठले जानकारी दिए । कार्यालयले गत आर्थिक वर्ष २०८१/०८२ मा दुई लाख लिटर दूधका लागि रु पाँचका दरले १० लाख प्रोत्साहनस्वरुप सहयोग गरेको उनले बताए । प्रोत्साहन रकम वितरणसम्बन्धी कार्यालयले मापदण्ड पूरा गरेका समूह तथा सहकारीबाट आवेदन माग गरेको थियो । त्यसमा तीन वटा समूह र सहकारीले आवेदन दिए पनि मापदण्डका आधारमा दुई वटालाई छनोट गरी प्रोत्साहन रकम उपलब्ध गराइएको उनले बताए । कार्यालयले भिरकोट नगरपालिकामा अवस्थित भिरकोट दुग्ध उत्पादन सहकारी र आँधीखोला गाउँपालिकामा अवस्थित आँधीखोला कृषि उद्यम सहकारी संस्थामा आबद्ध कृषकलाई प्रोत्साहन उपलब्ध गराएको हो । “प्रोत्साहन रकम दुई चरणमा गरी उपलब्ध गराएका हौँ”, प्रमुख श्रेष्ठले भने, “कृषकलाई अन्य सहयोग तथा अनुदानका कार्यक्रमभन्दा उत्पादनका आधारमा दिइने प्रोत्साहन रकम बढी प्रभावकारी हुने गरेको पाएका छौँ ।” भिरकोट दुग्ध उत्पादक सहकारी संस्थाले कूल रु छ लाख ५० हजार ६५० प्राप्त गरेको छ । सहकारीले एक लाख ३० हजार १३० लिटर दूधका लागि उक्त रकम प्राप्त गरेको हो । आँधीखोला कृषिउद्यम सहकारी संस्थाले ६९ हजार ७२० लिटर दूध सङ्कलन गरेको थियो ।

सङ्कलित उक्त परिमाणको दूधमा रु पाँचका दरले रु तीन लाख ४८ हजार ६०० प्रोत्साहन रकम प्रदान गरिएको उनले बताए ।दुई वटा सहकारीले तोकिएको मापदण्डअनुसार दूध उत्पादन तथा सङ्कलन गरेका हुन् । सङ्कलन भएको दूधको प्रतिलिटर रु पाँचका दरले नौ लाख ९९ हजार २५० प्रोत्साहन सहयोग गरेको हो । प्रोत्साहन सहयोगले उत्पादनमा वृद्धि हुँदै गएकाले प्रोत्साहन सहयोग कार्यक्रमलाई निरन्तरता दिइएको कार्यालयले जनाएको छ । कार्यालयले भकारो सुधार, नयाँ गोठ निर्माण, मिल्क एनालाइजरलगायत यन्त्र तथा उपकरण पनि कृषकलाई अनुदान सहयोग गर्दै आएको छ ।




# लायन्स क्लव अफ पाल्पा भैरवद्वारा वृक्षारोपण

**तानसेन,** साउन ३/लायन्स क्लव अफ पाल्पा भैरवले तानसेनको बतासेडाँडामा फुलहरुको वृक्षरोपण गरेको छ । क्लवका अध्यक्ष अर्जुन कार्की, प्रमुख अतिथि डिष्ट्रिक ग्याट टीम ईभ्यालुशन सुशील प्रधान सहित गएको लायन्सको टोलीले पर्यटकिय क्षेत्र बतासेडाँडामा जाकाराण्डा र गुलमोहरका १ सय ५० बिरुवा रोपण गरेको हो । *(तस्बिर :जगदीश भट्टराई/एनजेडी)*

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय :कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई